# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

## प्रेस विज्ञप्ती

### इन्टरनेटमार्फत खरिद बिक्री आदेश दिन सक्ने व्यवस्था गर्न परिपत्र गरिएको सम्वन्धमा ।

लगानीकर्ताको हितलाई दृष्टिगत गरी धितोपत्रको कारोबार प्रकृयालाई थप सहज, पारदर्शी, सरल, छिटो, छरितो र लगानीकर्ता मैत्री बनाउन तथा धितोपत्र दलाल व्यवसायीको कार्यालयमा रहने कारोबार सम्बन्धी अभिलेखलाई अझ व्यवस्थित र सुदृढ गर्न हाल उपयोग गरिरहेको ब्रोकर ब्याक अफिस सफ्टवेरमा इन्टरनेटमार्फत प्राप्त धितोपत्र कारोवार गर्न खरिद बिक्री आदेश दिने व्यवस्था गर्न यस बोर्डबाट मिति २०७३।११।२६ मा परिपत्र गरिएको व्यहोरा अवगत नै छ ।

उक्त व्यवस्थालाई थप परिमार्जित र सुधार गर्दै जाने क्रममा बोर्डद्वारा धितोपत्र दलाल व्यवसायी, हाल प्रयोगमा रहेको ब्रोकर ब्याक अफिस प्रणाली प्रदायक कम्पनीहरु तथा लगानीकर्ता संघहरुसँग विभिन्न चरणमा विस्तृत छलफल गरिएको र उक्त छलफलबाट प्राप्त सुझाव अनुरुप हाल प्रयोगमा रहेको ब्रोकर ब्याक अफिस सफ्टवेरमा आवश्यक सुधार गरी उक्त सुविधा समावेश गरिएको जानकारी बोर्डमा प्राप्त भएको सन्दर्भमा इच्छुक लगानीकर्ताहरुका लागि आगामी २०७५ सालको शुरु देखि इन्टरनेटमार्फत धितोपत्र खरिद बिक्रीको लागि आदेश दिन सक्ने व्यवस्था गर्न धितोपत्र दलाल व्यवसायीलाई परिपत्र गरिएको छ ।

उर्पयुक्त व्यवस्थावाट लगानीकर्ताहरुलाई धितोपत्र खरिद बिक्री गर्न धितोपत्र दलाल व्यवसायीको कार्यालयमा उपस्थित हुनु पर्ने झन्झटको अन्त्य हुने, धितोपत्रको कारोबार प्रकृया तथा अभिलेख सम्वन्धी कार्य थप व्यवस्थित सहज, पारदर्शी, सरल, छिटो, छरितो र लगानीकर्ता मैत्री हुने र निकट भविष्यमा नेप्सेले लागू गर्न लागेको अनलाइन कारोवार प्रणालीको लागि आधार तयार / सहज हुने बोर्डको अपेक्षा रहेको छ ।

मिति : २०७४।१२।३०

(निरञ्जय घिमिरे)
सहायक प्रवक्ता